आ.व. २०८२।०८३ बैठक नं. ०४।०८२।०८३

बैठक:- नगर कार्यपालिका बैठक मिति:-२०८२।०७।२४ गते

अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ** स्थान:- ता.न.पा मिनिहल

समय:- विहान ११.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| — | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री ओमा जैसी | का.वा. वडा अ. | ता.न.पा. ६ | |

**निर्णय नं. १**
तानसेन नगर कार्यपालिकाको मिति २०८२।०६।२६ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**
चालु २०८२/०८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई आगामी मिति २०८२।८।०६ गते तानसेन नगरपालिका वडा नं. १४ अर्गलीमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**
तानसेन नगरपालिकाको २०८१/०८२ को अन्तिम प्रतिवेदनको म.ले.प.को प्रारम्भिक प्रतिवेदन बैठकमा पेश भई छलफल भयो । यस सम्बन्धमा नियमानुसार आवश्यक कार्य प्रक्रिया मिलाई प्रतिक्रिया पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**
तानसेन नगरपालिकाको विधायन समितिमा छलफल भई कार्यपालिकामा पेश गरिएको वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन (GEEP) कार्यक्रम संचालन निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**
जिल्ला बाल संगठनको बालमन्दिर हलको सिलिङ्ग भत्किएकोमा सोको लागत अनुमान तयार गरी आवश्यक बजेट व्यवस्थाको लागि लुम्बिनी प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६.**
तानसेन नगरपालिका क्षेत्रमा रहेको ऐतिहासिक घरहरुको पुनर्निमाण गर्दा अगाडिको भाग पुरानै शैलिमा निर्माण गरी नगरको सौन्दर्य तथा ऐतिहासिकता प्रवर्द्धनको लागि २०५४ सालमा तयारी गरिएको कार्यविधिलाई समेत आधार मानी पुरानो घरको मोडेल कायम हुने गरी स्थान र मापदण्ड दिने र सो अनुसार घर निर्माण गर्नेलाई थप सहुलियत अनुदान दिनेगरी कार्यविधि निर्माण गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**
टक्सार कल्भर्ट देखि बनदेवी बसपार्क हुँदै बतासेडाँडा सम्मको जिर्ण सडक मर्मतको लागि लागत अनुमान तथा ड्इङ्ग डिजाइनको आधारमा चालु आ.व.को नगर विकास योजनाको **मर्मत सम्भार कोष शिर्षकबाट रकम रु.७ लाख** विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**
जापान सरकार/जाइकाबाट यस नगरपालिकाको लागि दमकल उपलब्ध भएकोमा जापान सरकार/जाइका र युनाईटेड मिशन टु नेपाल समेत युनाइटेड मिशन अस्पताल तानसेन पाल्पालाई धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**
भीमेश्वर नगरपालिकाद्वारा आयोजना गरिएको स्थानीय सरकार सवलीकरण तथा असल अभ्यास आदान प्रदान कार्यक्रममा यस नगरपालिकाको तर्फबाट सम्बन्धित पदाधिकारी तथा कर्मचारीले सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. १०**
तानसेन नगरपालिको कार्यपालिका बैठकको प्रत्येक्ष प्रसारणका सम्बन्धमा बैठकमा छलफल भयो । यस सम्बन्धमा थप स्रोत साधन र जनशक्तिको आवश्यकता महशुस भएकोले स्रोत र साधनको व्यवस्थापनमा पहल गरी आगामी समयमा सो सम्बन्धी कार्ययोजना बनाउने निर्णय गरियो ।

बैकुण्ठनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ११**

चालु आर्थिक बर्षमा नेपाल सरकारबाट विनियोजित बजेटबाट तानसेन नगरपालिका वडा नं. १३ स्थित रानीमहल दरबारको शीघ्र मर्मत सम्भारको लागि पुरातत्व विभाग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको आ.व. २०८२/०८३ को मिति २०८२ कार्तिक २४ गते सम्मको आम्दानी रु. ३९२११६४८५।९४। र खर्च रु. १७८७८२१५३।६० स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**

तानसेन नगरपालिका वडा नं. ५ बनदेवी बसपार्क निर्माण योजनाको म्याद मिति २०८२।०७।१ गते देखि २०८३ जेष्ठ १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

तानसेन नगरपालिका वडा नं. ४ स्थित तानसेन नगरपालिका र युनोप्स (CITIES FOR WOMEN)को सहयोगमा संचालन भएको तेर्सो सडक सौन्दर्यकरण योजना म्याद मिति २०८२।०७।१५ गते देखि मिति २०८२।१०।१५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

भारतीय राजदूतावासको सहयोगमा तानसेन नगरपालिका वडा नं. ६ सेन माविको विद्यालय भवन निर्माणको लागि माग गरिएकोमा उक्त विद्यालयको विस्तृत परियोजना तयारी र माटो परीक्षणको लागि रु.५,००,०००।०० (पाँच लाख मात्र) बराबरको रकम व्यवस्था गरी विद्यालयको समेत लागत साझेदारीमा उक्त कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

सम्पदा प्रतिष्ठान पाल्पाद्धारा संचालन भएको संग्राहालय ता.न.पा. वडा नं. ६ स्थित साविकको लहरेपिपल प्रा.वि.मा रहेकोले उक्त संग्राहालयको म्याद २०८२ आषाढ मशान्तमा समाप्त भएकाले मिति २०८२ श्रावण १ गतेदेखि २०८४ आषाढ मसान्तसम्म मितिले २ बर्ष थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

पूर्वाधार विकास समितिको प्रतिवेदन बैठकमा पेश भई छलफल भयो । एकिकृत घुम्ति शिविर र उपभोक्ता समितिको तालिम तत्काल संचालन गर्ने साथै मंसिर २० गते भित्रमा सम्पूर्ण उपभोक्ता समितिहरुबाट सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका भित्र लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा संचालन, नीति योजना तथा कार्यक्रम तर्जुमा, विभिन्न निकायहरुसंग समन्वय तथा सहकार्य गर्न लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण ऐन २०८१ (पहिलो शंसोधन, २०८२) को दफा ६ वमोजिम देहायका पदाधिकारी रहने गरी नगरस्तरीय कार्यान्वयन समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १ नगर प्रमुख | संयोजक |
| २ नगर उपप्रमुख | सदस्य |
| ३ प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५ कार्यपालिका मध्यवाट कम्तिमा २ जना महिला सहित संजोजकले तोकेको ३ जना | |
| I सविता भट्टराई कार्यपालिका सदस्य | सदस्य |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

Tansen Municipality
Office of Municipality Executive
Palpa District
Lumbini Province, Nepal
2073

II मन्जु वि.क. कार्यपालिका सदस्य सदस्य
III अनु रामदाम कार्यपालिका सदस्य सदस्य

६ नगरपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट वढिमा २ जना
I कृष्ण गहतराज ता.न.पा वडा नं. ११ सदस्य
II मञ्जु नेपाल ता.न.पा वडा नं. ८ सदस्य
७ महिला तथा वालवालिका शाखा प्रमुख सदस्य
८ सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं. १९**

तानसेन नगरपालिका दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना (ईन्स्योर) को प्रोफेशनल कुक (१६९६ घण्टा) र प्रोफेशनल कम्प्युटर हार्डवयर एण्ड नेटवर्क टेक्निसियन (१६९६ घण्टा) तालिम संचालन भई सम्पन्नको अवस्थामा रहेकोमा र उक्त तालिमको वैदेशिक श्रोतको निकासा फुकुवा समयमा हुन नसकेकोले उक्त तालिम संचालनको म्याद मिति २०८२ भाद्र १५ गतेदेखि २०८२ पौष १० गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिका वडा नं.९ स्थित दमकडा मा.विको लागि थप एउटा विद्यालय बस आवस्यकता भएकाले भारतीय राजदुतावासमा सिफारिसको लागि माग भई आएको हुँदा थप एउटा विद्यालय बस सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिकावाट विविध कारणवस नक्शापास तथा अभिलेखिकरण हुन नसकेका र घरधनीवाट आफ्नै तरिकाले निर्माण गरेका घर/भवन तथा संरचनाहरुको नगरमा अभिलेख नभएकोले सूत्रप्रणाली मार्फत सम्पत्ती कर निर्धारण गर्न समस्या भएको र म.ले.नि.का को परिपत्र अनुसार सूत्रप्रणाली बाहेक अन्य तरिकाबाट राजश्व असुली गर्न नसकिने भएकोले नगरपालिकावाट सम्पत्तीकर अशुल प्रयोजनका लागि मात्र हुने गरी सम्वन्धित घरधनिले स्वघोषणा गरे बमोजिम घर/भवन तथा संरचनाहरुको क्षेत्रफल र निर्माण मितिलाई आधार मानी सम्पत्ती कर निर्धारण गरी असुली गर्ने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख